अमरगढी नगरपालिका कार्यालय
डडेल्धुरा

# अमरगढी नगरपालिका डडेल्धुराको सूचिकृत हुने सम्वन्धी सूचना

यस नगरक्षेत्रमा सुरक्षित र सुव्यवस्थीत भवन निर्माण गर्न भवन निर्माण मापदण्ड २०७२ पारित भई कार्यान्वयन भैसकेकोले सो मापदण्ड अनुसार भवन निर्माण गर्ने निर्माणकर्मीहरु तालिम प्राप्त हुनु पर्ने र भवन नक्सा ड्रइङ डिजाईन गर्ने इन्जिनीयरहरु नेपाल इन्जिनीयरिङ्ग काउन्सील दर्ता भएको हुनु पर्ने साथै त्यस्ता दुवै खालका जनशक्तिहरु यस नगरपालिकामा सूचिकृत समेत हुनु पर्ने व्यवस्था छ । त्यस्ता जनशक्तिहरु वाहेक अन्यवाट निर्माण हुने र भएका भवनहरुको नक्सापास र निर्माण अनुमति र निर्माण सम्पन्न प्रमाण दिन नसकिने भएकोले यस नगरक्षेत्रमा भवन निर्माणका काम र भवनको नक्शा ड्रइङ डिजाइन सुपरिवेक्षण जस्ता परामर्श सेवा दिने/काम गर्न चाहने व्यक्ति/ संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपसिल वमोजिमका कागजातहरु संलग्न गरी यस नगरपालिकामा सूचिकृत हुनको लागि आवेदन दिनहुन सूचित गरिन्छ ।

तपसिल

**१) सिकर्मी/डकर्मी जस्ता निर्माण कर्मीहरुको हकमा :**

- सिकर्मी/डकर्मी तालिम लिएको प्रमाण पत्रको प्रतिलिपी-१
- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी- १
- पासपोर्ट साईजको फोटो - २ प्रति

**२) इन्जिनीयरिङ सेवा प्रदान गर्ने व्यक्ति/संस्थाको हकमा :-**

- काम गर्ने जनशक्तिको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी- १
- शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी -१/१ प्रति
- नेपाल इन्जिनीयरिङ काउन्सील दर्ता प्रमाण पत्रको प्रतिलिपि- १ प्रति
- तालिम/अनुभवका प्रमाण पत्रको प्रतिलिपी - १ /१ प्रति
- संस्थाको हकमा संस्था दर्ता वा नविकरण प्रमाण पत्रको प्रतिलिपी - १ प्रति

२०७३।२।२

कार्यकारी अधिकृत

Uploaded !!!